**पथरी शनिश्चरे नगरपालिका , नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८३/०३/०१ गते प्रकाशन भएको आन्तरिक आय ठेक्कामार्फत् कर सङ्कलन गर्नका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सार्वजनिक सूचनाबमोजिमका शर्तहरु :**

**शर्तहरु :**

१. सिलबन्दि दरभाउपत्र फारम दस्तुर कार्यालयको राजस्व शाखामा रु. १,००० (अक्षरुपी रु. एक हजार मात्र) तिरी यो सूचना प्रकाशन भएको सातौँ दिनको कार्यालय समयभित्रमा खरिद गर्न सकिने छ ।

२. सिलबन्दी दरभाउपत्रको साथ व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी , फर्म भए नवीकरण भएको व्यवसाय दर्ता , मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ । कबोल रकमको कम्तीमा ५ (पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. २५६०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

३. कबोल गरेको रकम अंक र अक्षरमा दुवैमा प्रस्ट उल्लेख गर्नुपर्नेछ । कबोल गरेको रकमको अंक र अक्षर फरक परेमा अक्षरको कबोल रकमलाई मान्यता दिइनेछ । टिपेक्स प्रयोग गरेको वा केरमेट गरेको सिलबन्दी दरभाउपत्र फारम मान्य हुने छैन ।

४. सिलबन्दी दरभाउ पत्र सूचना प्रकाशन भएको मितिले ७ औँ दिनको कार्यालय समयभित्रमा कार्यालयबाट खरिद गरी ८औं दिनको मध्याह्न १२:०० बजे सम्ममा पेश गरी सक्नु पर्नेछ । साथै पेश हुन आएका सिलवन्दी दरभाउपत्र ठेकेदार वा निजको प्रतिनिधीको उपस्थितिमा उक्त ८ औं दनिको दउिंसो २:०० बजे खोलिनेछ ।यदि ठेकेदार वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. बुँदा नं. ४ अनुसारका सिलबन्दी दरभाउ पत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिनलाई मान्यता दिइनेछ ।

६. कर संकलन गर्दा नगरपालिकाले तोकेको दररेटमा कर संकलन गर्नु पर्नेछ ।

७. कुल ठेक्का रकम सम्झौता गर्दाकै बखत एकमुष्ट बुझाएको खण्डमा १०% छुट दिइनेछ तर सोमा लाग्ने मु.अ.कर रकममा भने छुट हुने छैन ।

८. किस्तामा रकम बुझाउन चाहने कबोलकर्ताले सम्झौता गर्दाकै बखतमा सम्झौता रकमको ५०% र बाँकी रकम २०८३ साल माघ मसान्त सम्ममा कार्यालयमा बुझाउनु पर्नेछ । यसरी किस्तामा रकम बुझाउँदा कबोलकर्ताले सम्झौता गर्दाकै बखतमा सम्झौता रकमको ५०% रकम कार्यालयमा बुझाएर र बाँकी रकमका लागि उक्त बाँकी रकम खाम्ने गरी २०८४ श्रावण मसान्तसम्मको मान्य अवधि भई नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" श्रेणीको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

९. ठेक्का रकममा लाग्ने मूल्य अभिवृद्धि बापतको रकम सम्झौता हुँदाकै बखत चुक्ता नगरी ठेक्का सम्झौता गरिनेछैन ।

१०. कबोल कर्तालाई ठेक्का अवधिमा भएका कुनै पनि बन्द , हडताल , महामारी लगायत अन्य मानवसिर्जित घटनाका आधारमा कार्यालयले ठेक्का रकममा छुट/मिनाहा गर्ने छैन ।

११. सिलबन्दी सम्वन्धि दररेट तथा अन्य कागजात कार्यालयको Website https://patharishanishcharemun.gov.np/ मार्फत हेर्न सकिनेछ ।

१२. यस सूचनामा उल्लेख भएको कुराहरुको हकमा यसै सूचना अनुसार र नभएको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत